# सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** सूचना प्रविधि क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने उद्देश्यका साथ सूचना प्रविधि क्षेत्रलाई समयसापेक्ष एवम् गुणस्तरीय बनाउने र सोका लागि यस क्षेत्रसँग सम्बन्धित विद्यार्थीलाई अध्ययन तथा अनुसन्धानमा प्रोत्साहन गर्ने उद्देश्यले विनियोजन ऐनको दफा ११ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१ "रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ख) "विभाग" भन्नाले सूचना प्रविधि विभाग सम्झनु पर्छ।

(ग) "विद्यार्थी" भन्नाले सूचना प्रविधि विषयमा स्नातक, स्नातकोत्तर, एम.फिल. वा विद्यावारिधिमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थी सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उप-महानगरपालिका र महानगरपालिका समेतलाई बुझाउँछ।

(ङ) "समिति" भन्नाले दफा ५ बमोजिमको छात्रवृत्ति छनौट समितिलाई सम्झनु पर्छ।

३. **छात्रवृत्ति प्रदान गरिने:** यो कार्यविधि प्रारम्भ भएपछि स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आङ्गिक वा सम्वन्धन प्राप्त शिक्षण संस्थामा सूचना प्रविधि मूल विषय लिई स्नातक, स्नातकोत्तर, एम.फिल. वा विद्यावारिधि तहमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरूलाई स्वीकृत वजेट र यस कार्यविधिको अधीनमा रही छात्रवृत्ति प्रदान गरिनेछ।

४. **छात्रवृत्तिको वर्गीकरणः** दफा ३ बमोजिम वितरण गरिने छात्रवृत्तिको वर्गीकरण देहाय बमोजिम गरिएको छः-

(क) विद्यावारिधि

(ख) एम.फिल.



राधिका अर्याल
सचिव

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

(ग) स्नातकोत्तर

(घ) स्नातक

५. **समितिको गठनः** (१) छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि उपयुक्त विद्यार्थी छनौट गर्न देहाय बमोजिमको छात्रवृत्ति छनौट समिति गठन गरिनेछ :-

(क) विभागको महानिर्देशक - संयोजक

(ख) मन्त्रालयको उपसचिव (प्र.) प्रतिनिधि - सदस्य

(ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको उपसचिव प्रतिनिधि - सदस्य

(घ) विश्वविद्यालय अनुदान आयोगको प्रतिनिधि (उपसचिवस्तर) - सदस्य

(ङ) विभागको निर्देशक (प्रशासन हेर्ने) - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र समितिको कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिले आवश्यकता अनुसार अन्य विज्ञ र कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

६. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) यस कार्यविधिको अधीनमा रही सूचना प्रविधि सम्बन्धी मूल विषयमा स्नातक, स्नातकोत्तर, एम.फिल. वा विद्यावारिधि अध्ययन गरिरहेका विद्यार्थीहरूबाट दरखास्त आह्वान गर्न विभाग समक्ष सिफारिश गर्ने,

(ख) प्राप्त हुने आवेदनका आधारमा छात्रवृत्ति प्रदान गरिने कोटा निर्धारण गर्ने,

(ग) छात्रवृत्तिका लागि पर्न आएका दरखास्तहरु मध्येबाट यस कार्यविधि बमोजिमको मापदण्डको अधीनमा रही उपयुक्त विद्यार्थी छनौट गर्ने।

७. **छात्रवृत्ति कोटा र रकमः** (१) छात्रवृत्तिका लागि विभागलाई प्राप्त बजेटको अधीनमा रही दफा ५ बमोजिमको समितिले विद्यार्थी कोटा निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित कोटामा छनौट भएका विद्यार्थीलाई जनही एकमुष्ट रु. ५०,०००।— (पचास हजार रुपैयाँ) छात्रवृत्ति रकम प्रदान गरिनेछ।



राधिका अर्याल
सचिव

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

८. **छनौटका लागि न्यूनतम आधारः** छात्रवृत्ति वितरणको लागि विद्यार्थी छनौटका आधार देहाय बमोजिम हुनेछन् :-

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) छात्रवृत्तिका लागि चाहिने न्यूनतम शैक्षिक योग्यताको परीक्षामा उत्तीर्ण भएको हुनुपर्ने,

(ग) स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त शिक्षण संस्थामा सूचना प्रविधि मूल विषय लिई विद्यावारिधि, एम.फिल., स्नातकोत्तर वा स्नातक तहमा भर्ना भई अध्ययनरत विद्यार्थी हुनुपर्ने,

(घ) दफा ४ बमोजिमको वर्गमा एक पटक छात्रवृत्ति प्राप्त गरेपछि पुनः सोही वर्गमा आवेदन गरेको हुन नहुने,

(ङ) कुनै एक विद्यार्थीले छात्रवृत्तिका लागि कुनै एक वर्गमा मात्र आवेदन गर्नु पर्ने ।

९. **छात्रवृत्ति अङ्क निर्धारण र मूल्याङ्कन** : (१) छात्रवृत्तिका लागि कुल अङ्क एक सय रहने गरी देहाय बमोजिम अङ्क निर्धारण गरिनेछ :-

(क) अध्ययनरत तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापत श्रेणीगत रुपमा देहाय बमोजिम जम्मा-५० अङ्क

(अ) विशिष्ट श्रेणी - ५० अङ्क

(आ) प्रथम श्रेणी - ४० अङ्क

(इ) द्वितीय श्रेणी - ३० अङ्क

(ई) तृतीय श्रेणी - २० अङ्क

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि न्यूनतम शैक्षिक योग्यता भन्नाले एम.फिल. र विद्यावारिधिका लागि स्नातकोत्तर, स्नातकोत्तरका लागि स्नातक तथा स्नातकका लागि कक्षा १२ वा सो सरहको तहलाई जनाउनेछ । छात्रवृतिका लागि पेश भएको दरखास्तका साथमा सम्बन्धित आवेदकले शैक्षिक योग्यताको श्रेणी खुलाई पेश गर्नुपर्नेछ। साथै, खण्ड (क) बमोजिम अङ्क प्रदान गर्दा पेश हुन आएका लब्धाङ्कपत्र वा प्रमाणपत्र वा आधिकारिक निकायवाट प्रदान गरिएको प्रमाणपत्रमा श्रेणी खुलेमा सोही बमोजिम र माथि उल्लिखित प्रावधानबाट श्रेणी खुल्न नसकेको हकमा सम्बन्धित विश्वविद्यालयबाट पत्रमार्फत प्रष्ट

राधिका अर्याल
सचिव



मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

पारिएको CGPA/Letter Grading/प्रतिशतबाट खुलाइएको श्रेणीलाई आधार मानी अङ्क प्रदान गरिनेछ ।माथि उल्लिखित कुनै आधारबाट समेत श्रेणी खुल्न नसकेका आवेदकलाई द्वितीय श्रेणी बापतको अङ्क प्रदान गरिनेछ।

(ख) सरकारी वा सामुदायिक विद्यालयबाट एस.इ.इ./ एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थीका लागि - २५ अङ्क

(ग) आर्थिक विपन्नताका लागि (स्थानीय तहको सिफारिसका आधारमा) - २५ अङ्क

(२) उपदफा (१) बमोजिम योग्यताक्रम निर्धारण गर्दा समेत समान योग्यताक्रम हुन आएमा तोकिएको न्यूनतम शैक्षिक योग्यतामा प्राप्त प्रतिशत/CGPAको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मूल्याङ्कन गर्दा समेत आवेदकहरू बीच योग्यताक्रम समान हुन आएमा निजको न्यूनतम शैक्षिक योग्यता भन्दा तल्लो तहको शैक्षिक योग्यतामा प्राप्त गरेको अङ्क प्रतिशत/CGPAको आधारमा छात्रवृत्तिका लागि योग्यताक्रम निर्धारण गरिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम योग्यताक्रम निर्धारण गर्दा समेत समान योग्यताक्रम कायम हुने देखिएमा वा निर्धारण गर्न नसकिएमा कम उमेरका आवेदकले प्राथमिकता पाउनेछ।

१०. <u>सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने:</u> (१) छात्रवृत्ति वितरणका लागि नेपालबाट प्रकाशन हुने राष्ट्रियस्तरको दैनिक पत्रिका मार्फत कम्तीमा पन्ध्र दिनको समयावधि दिई विभागले सूचना प्रकाशन गरी आवेदन माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने सूचनामा देहायको विवरण खुलाउनु पर्नेछः

(क) दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजात,

(ख) दरखास्त फाराम बुझाउनुपर्ने स्थान र अन्तिम मिति,

(ग) समितिले आवश्यक देखेको अन्य विषय।

(३) उपदफा (१) बमोजिमको सूचना, विभागको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ र दरखास्त फाराम अनलाइनबाट समेत लिने व्यवस्था गर्न सकिनेछ।



सचिव

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

**११. <u>छात्रवृत्तिका लागि आवेदन दिनुपर्नेः</u>** सूचना प्रविधि सम्बन्धी विषयमा अध्ययनका लागि यस कार्यविधि बमोजिम छात्रवृत्ति लिन चाहने विद्यार्थीहरूले अनुसूची -१ बमोजिमको ढाँचामा विभागमा आवेदन दिनु पर्नेछ ।

**१२. <u>नतिजा प्रकाशन तथा नामावली सिफारिस गर्नेः</u>** (१) दफा ११ बमोजिम प्राप्त हुन आएका आवेदन तथा सो साथ संलग्न कागजात तथा विवरणको आधारमा समितिले दफा ९ बमोजिम मूल्याङ्कन गरी छात्रवृत्तिका लागि सफल र वैकल्पिक उम्मेद्वारको सूची तयार विभाग समक्ष पेस गर्नेछ ।

(२) समितिले तयार गरेको छात्रवृत्ति प्राप्त गर्ने सफल तथा वैकल्पिक उम्मेद्वारको नामावली विभागले मन्त्रालयमा पेस गर्नेछ र मन्त्रालयको निर्णय पश्चात विभागद्वारा छात्रवृत्ति प्रदान गरिनेछ।

(३) उपदफा (२) बमोजिम छनौट भएका विद्यार्थीले कुनै कारणले छात्रवृत्ति लिन अस्वीकार गरेमा नतिजा प्रकाशन भएको ७(सात) दिनभित्र विभागमा निवेदन दिन सक्नेछ । यसरी निवेदन प्राप्त भएमा उक्त कोटामा वैकल्पिक उम्मेद्वारलाई छात्रवृत्तिका लागि छनौट गरिनेछ।

**१३. <u>छात्रवृत्ति रद्द तथा असुल उपरः</u>** (१) कुनै व्यक्तिले झुट्टा विवरण पेस गरी दरखास्त दिएको पाइएमा निजलाई छात्रवृत्तिको मूल्याङ्कन प्रक्रियाबाट हटाइनेछ ।

(२) कुनै व्यक्तिले झुट्टा विवरण पेस गरी छात्रवृत्ति रकम प्राप्त गरेको पाइएमा निजलाई कानून बमोजिम कारवाही गरी ब्याज सहित असुल उपर गरिनेछ।

**१४. <u>छात्रवृत्तिको रकम भुक्तानीः</u>** (१) दफा ९ बमोजिम छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई छात्रवृत्तिको रुपमा प्रदान गरिने रकम विभागले भुक्तानी गर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति प्रदान गर्नु पूर्व सो छात्रवृति प्राप्त गर्ने विद्यार्थीसँग अनुसूची-२ बमोजिमको अध्ययन पूरा गर्ने कबुलियतनामा गराउनु पर्नेछ।

(३) विद्यार्थीले प्राप्त गरेको छात्रवृत्ति रकम सम्बन्धित शैक्षिक संस्थालाई बैंक मार्फत भुक्तानी गरिनेछ ।

(४) विद्यार्थीले प्राप्त गरेको छात्रवृत्ति सम्बन्धी विवरण अध्ययनरत शैक्षिक

राधिका अर्याल
सचिव



मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

संस्थालाई समेत जानकारी गराउनु पर्नेछ।

१५. **छात्रवृत्ति विवरण सार्वजनिक गर्नुपर्ने:** छात्रवृत्तिको लागि छनौट भएका विद्यार्थीहरुको विवरण विभागले राष्ट्रियस्तरको दैनिक पत्रिका र आफ्नो वेवसाइट वा अन्य माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

१६. **विभागको काम, कर्तव्य र अधिकार:** यो छात्रवृत्ति प्रदान गर्ने सन्दर्भमा विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराउने,

(ख) यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्तिको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) समितिको सचिवालयको रुपमा काम गर्ने।

१७. **निर्देशन तथा सुझाव पालना गर्नुपर्ने:** मन्त्रालयले यस कार्यविधिको कार्यान्वयन गर्न आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ। यसरी दिएको निर्देशन तथा सुझावको पालना गर्नु विभाग तथा समितिको कर्तव्य हुनेछ।

राधिका अर्याल
सचिव

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

## अनुसूची -१

**(दफा ११ सँग सम्बन्धित)**

<u>सूचना प्रविधि विषयमा स्नातक, स्नातकोत्तर, एम.फिल. वा विद्यावारिधी तहमा अध्ययनरत विद्यार्थीले छात्रवृत्तिका लागि पेश गर्नुपर्ने आवेदन</u>

श्री सूचना प्रविधि विभाग,

गैह्रिगाउँ, तीनकुने, काठमाडौं ।

देहाय बमोजिमको विवरण खुलाई छात्रवृत्तिका लागि आवेदन गरेको छु ।

आवेदन गर्न चाहेको छात्रवृत्तिको वर्ग : (क) ☐ विद्यावारिधी (ख) ☐ एम.फिल.
(ग) ☐ स्नातकोत्तर (घ) ☐स्नातक
(कुनै एकमा √ चिन्ह लगाउनुहोस् ।)

| | | | | | |
|---|---|---|---|---|---|
| १. | आवेदकको नाम र थर (देवनागरीमा) : | | | | पासपोर्ट साइजको फोटो |
| | Name (in Capital Letters) : | | | | |
| २. | स्थायी ठेगाना : | जिल्ला : | | गा.पा./न.पा.: | |
| | | वडा नं.: | | फोन नं.: | |
| | | | | | |
| ३. | अस्थायी ठेगाना | जिल्ला: | | गा.पा./न.पा.: | |
| | | वडा नं.: | | फोन नं.: | |

२।८।२१

राधिका अर्याल
सचिव



मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | नागरिकता नं. | जारी जिल्ला : | | जारी मिति : |
| | ई-मेल : | | मोबाइल नं. : | |
| | | | | |
| ४. | जन्म मिति : | वि.सं. मा : | ई.स.माः | |
| | | | | |
| ५. | बाबुको नाम थर : | आमाको नाम थर : | | |
| | बाजेको नाम थर : | आमा/बाबुको मुख्य पेशा : | | |
| | | | | |
| ६. | राष्ट्रियताः | | | |
| | | | | |
| ७. | लिङ्गः ☐ पुरूष ☐ महिला ☐ अन्य | वैवाहिक स्थिति : ☐ विवाहित ☐ अविवाहित | | |
| | | | | |
| ८. | छात्रवृत्तिका लागि आवेदन गर्न चाहेको कार्यक्रमको सम्बन्धन प्राप्त विश्वविद्यालयको नाम : | | | |
| | अध्ययन गरिरहेको अध्ययन संस्थाको नाम र ठेगाना : | | | |

राधिका अर्याल
सचिव

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | अध्ययन गरिरहेको (तह, वर्ष/सेमेष्टर) | तह : | वर्ष : <br> सेमेष्टर : |
| | अध्ययन गरिरहेको संकाय र कार्यक्रम (Faculty and Program) | | |
| | सम्पर्क फोन नं : | | |
| | वेबसाइट/ इमेल : | | |

९. यस अघि प्राप्त गरेको शैक्षिक योग्यताको विवरण (एस.इ.इ./एस.एल.सी देखि माथिका) :

| | शैक्षिकसंस्था/बोर्ड/ विश्वविद्यालयको नामः | उत्तीर्ण गरेको परीक्षा | श्रेणी | CGPA | प्राप्ताङ्क प्रतिशत | मुख्य विषयहरूः |
|---|---|---|---|---|---|---|
| (१) | | | | | | |
| (२) | | | | | | |
| (३) | | | | | | |
| (४) | | | | | | |
| (५) | | | | | | |

१०. दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू (दफा ८ र ९ सँग सम्बन्धित):

राधिका अर्याल
सचिव

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| | (क) | नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । |
| | (ख) | शैक्षिक योग्यताका प्रमाणपत्र/लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपि । |
| | (ग) | सरकारी वा सामुदायिक विद्यालयबाट एस.इ.इ./ एस.एल.सी. अध्ययन गरेको भए सम्बन्धित स्थानीय तहबाट सरकारी वा सामुदायिक विद्यालय हो भनी प्रमाणित सिफारिस पत्र । |
| | (घ) | स्थानीय तहको सिफारिस पत्र (आर्थिक विपन्नताका लागि) । |
| | (ङ) | अध्ययनरत शिक्षण संस्थाबाट अध्ययन गरिरहको र अन्य कुनै छात्रवृत्ति नलिएको सिफारिश पत्र । |

११. "सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१" बमोजिम उल्लिखित कागजातहरू संलग्न राखी छात्रवृत्तिका लागि अनुरोध गर्दछु ।
माथि उल्लेख गरिएका विवरणहरू ठीक/ साँचो हो । यदि झुठा ठहरिएमा कानून बमोजिम सहुँला/ बुझाउँला ।

आवेदकको नाम थरः ........................................

आवेदकको हस्ताक्षर :

.........................................

मोबाइल नं. :

....................................................

ईमेल :

.........................................................

मिति :

.............................................................

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

राधिका अर्याल
सचिव

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

## अनुसूची २

### (दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

<u>छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले सूचना प्रविधि विभागसँग गर्ने कबुलियतनामाको ढाँचा</u>

श्री ........................................ को नाति/नातिनी श्री ..................................... को छोरा/ छोरी ...................................................... बस्ने बर्ष ............. को म ............................................... ले सूचना प्रविधि विभागवाट ....................................... तहमा ........................विषय अध्ययन गर्न ................................................ छात्रवृत्ति प्राप्त भए पछि अध्ययन पूरा गर्नेछु र अध्ययन पूरा गरेको प्रमाणपत्र (लब्धांकपत्र/ट्रान्सक्रिप्ट) विभागमा पेस गर्नेछु । अध्ययन पूरा नगरेमा, छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको पाइएमा मैले छात्रवृति वापत पाएको आर्थिक सुविधा तथा सोमा लागेको ब्याज रकम समेत नेपाल सरकारलाई बुझाउने छु। सो रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मन्जुरी भएकोले यो कवुलियतनामा गरी दिएको छु।

<u>छात्रवृत्ति पाउनेको:-</u>

दस्तखत:

नाम:

ठेगाना:

मोवाइल:

इमेल:

मिति:

अध्ययनरत संस्थाको नाम:

ठेगाना:

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

२०८१

राधिका अर्याल
सचिव

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री